# सायल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# दुदिलेगडा, डोटी

## गाउँ सभामा प्रस्तुत गरिएको

# आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम

मिति : २०८० अषाढ १० गते

**गाउँसभामा प्रस्तुत मिति : २०८० असाढ १० गते ।**

**सभा अध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएकी छु । आजको यस महत्वपूर्ण ऐतिहासिक अवसरमा राजनैतिक परिवर्तनका लागि विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । जनआन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरु प्रति सम्मान प्रकट गर्दै नेपालको समग्र आर्थिक, राजनीतिक एवम् सामाजिक परिवर्तन तथा समय सापेक्ष युगान्तकारी नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै राजनीतिक अग्रज तथा शिखर व्यक्तित्व प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

**सभा अध्यक्ष महोदय,**

अब म सायल गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ का लागि गाउँ कार्यपालिका बाट पारित भई गाउँसभामा पेश हुने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । नेपालको संविधान २७२ को धारा २२१ अनुसार स्थानिय तहको व्यवस्थापकीय अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४ र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट जारी भएको गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम तयारीको ढाँचालाई अनुसरण गरी यस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमालाई आधार लिएको छु । शहस्राब्दी तथा दिगो विकास लक्ष्य हाँसिल गर्नमा अग्रसार हुँन, सायल गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि विभिन्न सरकारी तथा गैरसरकारी दातृ निकायहरु संग समेत समन्वय, साझेदारी तथा सहकार्य गरी अगाडी बढ्ने नीति अवलम्बन गर्दै यस वर्षको सायल गाउँपालिकाको क्षेत्रगत नीति तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**१. आर्थिक क्षेत्र**

**(क) कृषि तथा पशुपालन**

(१) सायल गाउँपालिकाका अधिकांश जनताहरुको मुख्य पेशा भनेको कृषि हो । कृषि क्षेत्रको विकासको लागि सो क्षेत्रमा लगानी आवश्यक छ । त्यसैले कृषि सडक, सिचाई सुविधा विस्तार, व्यावसायिक तालिम, प्राविधिक सहयोगको क्षेत्रमा लगानी गरिनेछ । कृषि क्षेत्रको व्यावसायीकरण र आधुनिकीकरण गर्दै यसलाई सम्मानित एवम् आकर्षक पेशाको रुपमा विकास गरिनेछ । युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्दै वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई समेत कृषि व्यवसायमा आबद्ध हुन प्रोत्साहित गरिने किसिमका कार्यक्रम ल्याईनेछ ।

(२) यस आर्थिक वर्ष २०८०/०८१ मा कृषि क्षेत्रलाई प्राथमिकतामा राखी यसको माध्यमबाट समृद्धिको बाटोतर्फ प्रस्थान गरिनेछ । क्षेत्रगत वडी उत्पादन हुने रैथाने वाली सागपात तथा फलफलको पाकेट क्षेत्रकायम गरी कृषि क्षेत्रमा विशेष लगानी गरीने छ । निर्वाहमुखी कृषी लगानीलाई परीवारको दिगो जिविकोपार्जनको रुपमा विकास हुने किसिमको योजना बनाईने छ ।

(३) कृषिको यान्त्रीकरणलाई प्रोत्साहन दिन सामूहिक र सहकारी कृषि प्रणालीको विकास गरिनेछ । मल, बिऊ, सिचाई, प्रबिधि र कृषि उपजको बजारको सुनिश्चितता गरिनेछ । कृषि सहकारी र कृषक समूह मार्फत मल, बिऊ र प्रबिधि उपलब्ध गरी साना किसानको आर्थिक सामाजिक सशक्तिकरण गरिनेछ ।

(४) समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि "घरबारी व्यवस्थापन र आय आर्जन जस्ता क्रियाकलापहरुमा जोड गर्ने , गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा कृषक समूहहरुलाई

प्रोत्साहन गर्ने नीति ल्याइनेछ । साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै बर्षबाट आरम्भ गरिनेछ ।

(५) स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिइ जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य गरिनेछ । सो प्रयोजनका लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

(६) अर्गानिक तरकारी खेतीको प्रवर्द्धन र विकासमा टेवा पुग्ने गरि कार्यक्रम संचालन गरिनेछ ।

(७) सायल गाउँपालिका आलुका लागि डोटी जिल्लाकै पकेट क्षेत्र रहेको अवगत गराँउदै सायलको आलु भनेर सुदुरपश्चिम प्रदेश भरी नै चिनिने हुँदा उचित बजारीकरणका लागि प्रयास गर्दै राष्ट्रिय स्तरमा विक्रि प्रबर्द्धन गर्न अर्गानिक प्रमाणीकरणका लागि आवश्यक पहल गरिनेछ । साथै आलु प्रशोधन गरि अन्य खाद्य वस्तुमा परिणत गर्ने ।

(८) घरबारी व्यवस्थापन कार्यक्रम संचालन गरी मानव स्वास्थ्य र वातावरणमा सुधारका लागि यस गाउँपालिका भरी एक मुख एक रुख कार्यक्रम संचालन गरिनेछ । यसका लागि प्रत्येक घरधुरीलाई मौसमी तथा बेमौसमी तरकारी उत्पादन र गोठेमल व्यवस्थापन नितिलाई निरन्तरता दिईने छ ।

(९) माटो परिक्षण गरि उपप्रयुक्त वातावरण अनुसार तरकारी खेती तथा फलफुल खेती प्रवद्धन गरिने छ ।

(१०) प्रधानमन्त्रि कृषि आधुनिकीकरण कार्यक्रमलाई प्रभावकारी रुपले कार्यन्वयन गरिने छ ।

(११) स्थानीय स्तरमा सम्पूर्ण कृषकलाई अधिकतम् छिटो, छरितो, सस्तो र गुणस्तरीय सेवा तथा लाभ दिई जिविकोपार्जनमा सुधार गर्न एक वडा एक कृषि प्राविधिक राख्ने नितिलाई निरन्तरता दिइने छ ।

(१२) गाउँपालिकाको जिविकोपार्जन कार्यान्वयन योजनालाई आधार मानी लघु उद्यम संचालनमा सहयोग, बीउँ विजन तथा कृषि सामाग्री सहज रुपमा आपुर्ति गर्ने बहुउद्देश्यीय नर्सरी स्थापनामा सहयोग, उत्पादित कृषिउपजलाई संकलन, भण्डारण र बजारीकरण गर्नुका साथै प्राथमिकिकरणका आधारमा समूह, समिति, सहकारी, संघ संस्थासंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

(१३) हरेक वर्ष किसानले जमिनमा लगाएको बाली प्राकृतिक प्रकोप तथा जंगली जनावरले नष्ट पुरयाई किसानहरु निरुत्साहित भइरहेको अवस्थामा बाली बिमा तथा पशुपन्छी बिमा र किसान राहत कोषको स्थापना गरिनेछ ।

(१४) कृषिसंग सम्बन्धित पुराना योजना, लघु उद्यम, प्लाष्टिक टनेल जिर्ण तथा लोप भई कृषि पेशाप्रति निराशा सृजनाभएका कृषकहरुको योजनाहरुलाई मर्मत सम्भार सहयोग गरी दलहनबाली प्रबर्द्धन कार्यक्रम, माटो शिविर संचालन, बालीबिमा, बाली संरक्षण सेवा, कृषक पाठशाला, एग्रोभेट स्थापना, मेटलबिन, सुपर ग्रेन ब्याग, त्रिपाल वितरण, फलामे ट्रस सहितको पोलीहाउस, आरन सुधार, सानासिचाई, प्राविधिक सीप विकास तालिम, नर्सरी स्थापना, बिउँ विरुवा वितरण कार्यक्रम मार्फत कृषिकार्यमा प्रोत्साहन गर्ने नितिलाई निरन्तरता दिइने छ ।

(१५) पशुमा तत्कालिन अवस्थामा देखा परेको लम्की स्कीन रोगको निराकरणका लागी छुटै कार्यक्रम सबै वडामा लागु गरीनेछ ।

(१६) पशुको सन्तुलित आहारको व्यवस्थापनमा जोड दिदै दुध तथा मासुजन्य उत्पादनमा उल्लेख्य बृद्धि गर्न खेतबारीका डिल, कान्ला तथा खेर गइरहेको खाली जग्गा र सार्वजनिक जग्गाहरुमा डाले तथा भुईघास लगाउने अभियानलाई निरन्तरता दिइनेछ ।

(१७) कृषि प्रसार सेवा प्रभावकारी तथा नतिजा मुखी बनाउन ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, ग्रामीण कृषि कार्यकर्ता, स्थानीय श्रोत व्यक्ति, अगुवा कृषक र एग्रोभेट संचालकको उचित परिचालन तथा क्षमता अभिबृद्धि कार्यक्रमलाई निरन्तरता दिईने छ ।

(१८) कृषि बजारको स्थापना तथा व्यवस्थापन गरी तरकारी तथा  मसला उत्पादन र निर्यातमा निरन्तरता दिईने छ ।

(१९) किसानको क्षमता अभिबृद्धिका लागि विशेष किसिमका कार्यक्रमहरु आयोजना गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

(२०) कृषि विकासमा संलग्न निकाय, संस्थासंग समन्वय र सहकार्य गरी कृषि विकासमा एकद्वार प्रणालीलाई अगाडी पढाईने छ ।

(२१) कृषकलाई बाली तथा पशु बीमा तर्फ उन्मुखहुने नीति अवलम्बन गरिनेछ ।

(२२) उच्च मुल्यका कृषि उपजहरुलाई एक गाउँ एक उत्पादनको रुपमा व्यवसायीकरण गरिनेछ ।

(२३) गाउँपालिकाभित्र तरकारी उत्पादनको राम्रो सम्भावना भएको क्षेत्रमा एक घर एक प्लाष्टिक हाउस को अवधारणा कार्यान्वयनलाई निरन्तरता दिईने छ ।

(२४) थोपासिचाइ, फोहरा सिचाइ र सतह सिचाइ को उचित व्यवस्था गरिनेछ ।

(२५) तरकारी नगदेवाली, फलफुल लगागत अन्य वालीहरुको लागी विशेष खालका पकेट क्षेत्र निमार्ण गर्ने नितिलाई निरन्तरता दिईने छ ।

(२६) सहुलियत दरमा कृषि सामाग्रीहरु उपलब्ध गराउन सहकारी एग्रोभेटको व्यवस्था गर्न पहल गरिने छ ।

(२७) ट्राउट माछापालन व्यवसाय गर्ने उद्यमीलाई प्रोत्साहन गर्नुका साथै माछा पालन व्यवसायलाई प्रबर्द्धन गरिनेछ ।

(२९) पहिरो रोकथामका लागि जोखिमयुक्त जमिनमा वृक्षारोपण गर्ने र डालेघाँसका विरुवा वितरण गरिनेछ ।

(२८) अदुवा तथा अलैची खेतीलाई प्रवर्द्धन गर्ने नीति ल्याइने छ ।

(२९) फलफुल खेतीलाई प्रवर्द्धन गर्ने खालका कार्यक्रम लागु गर्ने नीति ल्याईने छ ।

(३०) वाझो जमिन उपयोग गरि किसानलाई प्रोतसाहन गर्ने नीति अवलम्बन गरिने छ ।

(३१) कृषि सडक विस्तार गरिने छ ।

(३२) स्थानिय ठाँउमा उपलब्ध हुने जडीबुडीहरु संकलन गरि नियमानुसार निकासीको व्यवस्था अवलम्बन गरिने छ ।

**(ख) उद्योग तथा वाणिज्य**

(१) यस गाउँपालिकामा औधोगीक क्षेत्र स्थापना, सम्भाव्य उद्योग संचालनका लागि आवश्यक अध्ययन अनुसन्धान गरिनेछ ।

(२) विगतका वर्षहरुमा दिईएका सिपमुलक तालिमहरुका लागि पुनर्ताजकी तालिमको प्रवन्ध गरी पारीवारीक  आयआर्जन सग जोडिने छ ।

(३) आ. व. २०७९।०८० मा वडा न ३ मा सञ्चालन भएको  अल्लो वाट कपडा वुन्ने तालिमलाई समुह मार्फत साना उद्योगका रुपमा विकास गरिने छ ।

(४) स्थानीय स्तरमा पाउरोटी, चाउमिन, होजियारी सिलाई कटाई, हातेकडाई, बुनाइ मैनवत्ति साबुन नमकिन निर्माण, जस्ता साना तथा घरेलु उद्योगलाई प्रोत्साहन गर्न बिशेष सहुलियत दिने नीतिलाई निरन्तरता दिईने छ ।
(५) गाउँपालिका क्षेत्रमा संचालित उद्योग तथा व्यवसायीक फर्म, दर्ता र नविकरण कार्यलाई व्यवस्थीत गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।
(६) स्थानीय उद्यमीलाई उद्योग संचालन गर्न आवश्यक वातावरण तयार गरिने छ ।
(७) सार्वजनीक, निजी सहकारी संगको सहकार्यमा जोड दिईनेछ ।
(८) प्रमपरागत पेशालाई आधुनिकीकरण गरि साना उद्योगको रुपमा विकास गरिने छ ।
(९) अल्लो, केतुकी (रम्बाँस), बडु, बाँस, निङ्गालो जस्ता बस्तुहरुको उचितप्रयोग गरी स्थानीय स्तरमा साना लघु उद्योगको स्थापना कार्यमा जोडदिइ बजारिकरणलाई व्यवस्थित गरिने छ ।
(१०) सायल गाउँपालिका वडा नं. ३ मा रहेको साना लद्यु जलविद्युत आयोजनालाई सञ्चालनमा ल्याई सो उर्जावाट साना उद्योग सञ्चालनमा ल्याईने छ ।
(११) सबै खालका उद्यम र व्यवसाय सञ्चालान गर्न गाउँपालिकाबाट अनुमति लिएर मात्र सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।
(१२) सीपमूलक तालिमको व्यवस्था गरी सीप अनुसारको रोजगार व्यव्स्थापन गर्ने नीति ल्याईने छ ।
(१३) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय स्तरमा रोजगारी सृजनागरी वेरोजगारी न्यूनिकरणको पहल गरिनेछ ।
(१४) वडा नं. २, ४, र ५ मा बन्द अवश्थामा रहेका लद्युजलविद्युतहरुलाई ऋश : सञ्चलनमा नीति ल्याइने छ ।

**(ग) पर्यटन/सस्कृती**

(१) पर्यटकीय विकासको लागी सायलको संस्कृती र भौगोलिक विविधता अध्ययन गरि विभिन्न माध्यमवाट प्रसार प्रचार  गरिने छ ।
(२) वडा नं. ३ मा रहेको प्रशस्त पर्यटकीय सम्भावना बोकेको भेलछडा झर्ना सम्म पुग्ने पदमार्ग निर्माण कार्यलाई पुर्णता दिइने छ ।
(३) वडा नं. ५ मा रहेको अशुद्धाला क्षेत्रलाई धार्मिक तथा पर्यटकीय स्थलको रुपमा विकास गरिने छ ।
(४) सायल गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय धार्मिक स्थल, भाषा शैली पर्व, संस्कृति लोकभाका संरक्षण हुने किसिमको वृतचित्र तयार पारि अभिलेख राखिने छ ।
(५) गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास गर्न पर्यटन विकास समिति गठन गरी उपयुक्त स्थलहरुको पहिचान, विकास र उपयोगको सहयोग पुग्ने गरी प्राकृतिक सम्पदाको संरक्षण, मौलिक संस्कृतिको प्रवद्धन र पूर्वाधार विकासमा तालमेल मिलाई सुविधाहरु विस्तार गर्दै त्येसवाट सृजना हुने अवसरहरुको लाभ स्थानीय जनताले पाउने गरी योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
(६) स्थानीय धार्मीक स्थलको संरक्षण र संर्वद्धन गर्ने नितिलाई अगाडी वढाईने छ ।
(७) मालिका, भेलछडा, धनेछडा, झिग्रेना, अशद्वाला, चैरिस लेक, गोले देउला जस्ता ऐतिहासिक क्षेत्रलाई पर्यटकिय स्थलका रुपमा विकास गर्न गुरु योजना निर्माण गरीने छ ।
(७) खेलकुद पर्यटनमा जोड दिईने छ ।
(८) स्थानीय स्तरमा मनाइने चाडपर्व तथा मेला, महोत्सवलाई प्रोत्साहन र व्यवस्थित गरिनेछ ।

**(घ) सहकारी**

(१) गाउँपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पादन मुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्ने  नीतिलाई अगाडी वढाईने छ ।

(२) सहकारीलाई गरिवी निवारण, रोजगारी सृजना र आर्थिक वद्धिको मेरुदण्डको रुपमा विकास गरिनेछ ।

(३) उत्पादन र आम्दानीका क्रियाकलाप सहकारी मार्फत सहकार्य गरेर लैजाने नीतिलाई अगाडी वढाईने छ ।

(४) स्थापना भइ सञ्चालनमा रहेका सहकारीहरुलाई आवश्यक अनुगमन नियमन तथा कार्यप्रतिफको आधारमा मुल्याङ्कन गरिने छ ।

(५) सायल गाउँपालिका सहकारी ऐन, २०७४ लाई संसोधन गरि कडाईका साथ लागु गरिने छ ।

**(ङ) वित्तिय क्षेत्र**

(१) सरकारी तथा निजी क्षेत्रको सहभागितामा भौतिक पूर्वाधारको विकास गर्न सार्वजनिक नीजि साझेदारीको अवधारणलाई प्रोत्साहित गरिनेछ ।

(२) साना पूर्वाधार निर्माणका लागि प्रोत्साहान गर्न गैर सरकारी क्षेत्र वा अन्य क्षेत्रबाट समेत लगानी गरेकामा समपुरक कोषका रुपमा केहि रकम गाउँपालिकाले व्यहोर्ने गरी साझेदारीको कार्यक्रम अगाडी वढाईने छ ।

(३) बैंक तथा वित्तीय संस्थाको सेवाप्रवाहलाई प्रभावकारी बनाउन ति क्षेत्रहरुसंग सहकार्य गरिनेछ ।

(४) सवैको वित्तिय संस्थासंग सहज पहुँच नीतिलाई अवलम्वन गरिनेछ ।

(५) नयाँ स्थापना हुने वित्तिय संस्थाको गाउँपालिकामा दर्ता हुने र क्षेत्र विस्तार गर्न गाउँपालिकाको स्वीकृती अनिवार्य लिनुपर्ने व्यवस्था गरिने छ ।

(६) सामाजिक सुरक्षा भत्तालाई सर्वसुलभ रुपमा बितरण गर्न वित्तिय संस्थाहरुसंग समन्वय गरी घुम्ती बैंक संचालन तथा वडा नं. १ र वडा नं. ६ वाहेक भौगोलिक दुरिका आधारमा  बि. एल. बि स्थापनाका लागी पहल गरीने छ ।

(७) वित्तीय साक्षरता शिक्षामा सबैको पहुँच पुऱ्याइने नीतिलाई निरन्तरता दिईने छ ।

**(२) सामजिक विकास**

**(क) शिक्षा**

(१) नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरीसकेको परिप्रेक्षमा गुणस्तरीय शिक्षामा सबैको पहुँच पुऱ्याउन शैक्षिक योजना तथा कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

(२) सामुदायिक विद्यालयका बाल कक्षा देखी २ सम्म सिकाइका आधारभूत कुरा राखि वाल पेन्टिग गरीनेछ ।

(३) तालिम तर्फ पाठ्यक्रम प्रवोधिकरण प्र.अ. व्यवस्थापन IEMIS  वाल विकास सहजकर्ताका लागि क्षमता अभिवृदि तालिमको व्यवस्था गरीनेछ ।

(४) अस्थायी अनुमति प्राप्त विद्यालयल क्रमश स्थायी स्वीकृती प्रदान गरी दरवन्दी व्यवस्थापन गरीनेछ ।

(५) गुणस्तरीय शिक्षाका लागि योगदान पुर्याउने शिक्षक प्रअ वि व्य स लाई प्रोत्हान स्वरुप पुरुस्कृत गरीनेछ  ।

(६) शिक्षालाई प्रविधि सँग जोड्न एक विद्यालय एक ल्यापटप कार्यक्रम लागु गर्दे सबै विद्यालयमा इन्टरनेटको पहुँच  सुनिश्चित गरीने छ ।

(७) समग्र शिक्षा प्रणालीको व्यवस्थापनमा सुधार गर्न नमुना विद्यालयको अध्ययन भ्रमणको व्यव्स्थापन गरीने छ ।

(८) शुक्रवार विद्यालयमा हुने अतिरिक्त कयाकलापहरु विद्यार्थिको सर्बगिण विकाससँग जोडि समय व्यवस्थापनमा एकरुपता ल्याईने छ ।

(९) शैक्षिक क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी सघ सस्थाका कार्यक्रहरु सबै वडामा विस्तार गर्न पहल गरीनेछ ।

(१०) गाउँपालिका स्वास्थ्य शाखा संग समन्व गरी त्रैमाषिक रुपमा विद्यार्थिहरुको स्वास्थ्य परीक्षण गर्दै प्रत्येक विद्यालयमा प्राथमिक उपाचार वाकस स्टेचरको व्यवस्थाका लागि पहल गरीनेछ ।

(११) गुणस्तरीय शिक्षाका लागि शिक्षा सरोकारवालाहरु सँग अन्तरकियात्मक कार्यकम गरीनेछ ।

(१२) व्यवसायिक तथा प्राविधिक शिक्षामा विद्यार्थि भर्ना र पहुँच बडाउन विद्यालय सँग आवश्वक समन्वय गरीने छ ।

(१३) पालिका स्तरीय कक्षा आठ को परीक्षा प्रणालीलाई थप बस्तुनिष्ट गर्दे कक्षा ५ को परीक्षा लाई पनि सोहि प्रणाली अर्न्तगत सञ्चालन गरीनेछ ।

(१४) सायल गाउँपालिका तोकिएको एस इ इ परीक्षा केन्द्रमा शैक्षिक सत्र २०८० देखि पालिका भरीका सबै मा वि लाई सहभागि गराईनेछ ।

(१५) विद्यालयमा सिक्दै सिकाउँदै निति अपनाउदै फुलवारी, वृक्षारोपण तथा विद्यालय सरफाइमा जोड दिईनेछ ।

(१६) विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सबै वालवालिकालाई सहभागी गराउन विद्यालय वाल कल्व मार्फत गर्न प्रत्साहित गरीने छ ।

(१७) पालिका अर्न्तगतका वालविकास सहजकर्ताको र शिक्षकहरुको विनियोजित वजेटको परीधि भित्र रहि तलव वृद्धी गरीनेछ ।

(१८) सार्वजिक पद धारण गरेका व्यक्ति, शिक्षक, कर्मचारीका वालवालिकाहरुलाइ समुदायिक विद्यालयमा भर्ना गर्ने नीति लिईने छ ।

(१९) खुला प्रतियोगितावाट प्र अ नियुक्ति र शिक्षक दरवन्दी मिलानको नितिगत आधार खोजि प्रक्रिया अगाडि वढाइनेछ ।

**(२०) विद्यालयहरुमा शिक्षण सहजकर्ताको रुपमा नियुक्त गरिएका शिक्षकहरुको परिचालन गर्ने नितिलाई निरन्तरता दिइनेछ ।**

(२१) शिक्षामा समता रणनीति भित्र रहेका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

(२२) अनौपचारिक तथा निरन्तर सिकाई प्रबर्द्धन गर्ने बैकल्पिक कार्यक्रम संचालन गरिनेछ ।

(२३) शैक्षिक गुनासाहरु सुनी समाधान गर्न शिक्षा युवा तथा खेलकुद शाखामा शैक्षीक सुझाव पेटीका राखिने छ । साथै प्रत्येक विद्यालयमा अनिवार्य सुझाव पेटीकाको व्यवस्था गरिने छ ।

(२४) विद्यालय दिवा खाजा कार्यक्रमलाई थप प्रभाकारी तथा व्यवस्थापन गर्न १ जना दिवा खाजा व्यवस्थापन सहज कर्ताको व्यवस्था गरिने छ ।

(२५) विद्यालयको स्थलगत अनुगमन/निरिक्षणमा जोड दिइने छ ।

(२६) सामुदायिक अध्ययन केन्द्रहरुलाई थप प्रभावकारी ढङगले अगाडी बडाईने छ ।

(२७) सामुदायिक विद्यालयका छात्राहरुलाई प्रयाप्त रुपमा नि : शुल्क सेनिटर प्याड वितरणको व्यवस्था गरिने छ ।

(२८) आवश्यकताका आधारमा विद्यालयहरुलाई अनुदानको व्यवश्था गरिने छ ।

(२९) विद्यालय खेलकुद कार्यक्रमलाई जोड दिइनुका साथै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीतालाई थप व्यवस्थित गरिने छ ।

(३०) सबै विद्यालयहरुमा E हाजिरिको व्यवस्था गर्न पहल गरिने छ ।

(३१) टुहुरा, गरिव, सिमान्तकृत, दलित लगायतका बालबालिकाको पहिचान गरि शिक्षामा समता रणनितिक योजनालाई अद्यावधीक गरि नि : शुल्क शैक्षीक सामाग्री वितरणको व्यवस्था गरिने छ ।

(३२) पालिका भित्र SEE परिक्षा र पालिका स्तरिय कक्षा ५ र ८ मा सर्वोउत्कृष्ट GPA ल्याउने १ छात्र १ छात्रालाई पुरुष्कृत गरिने छ ।

(३३) परिक्षणको रुपमा सायल गाउँपालिकाका सामुदायिक विद्यालयमा लागु गरिएको स्थानिय पाठ्यक्रमलाई निरिक्षण, अनुगमन र सुझावका आधारमा संसोधन गरि पुर्ण रुपमा लागु गरिने छ ।

(३४) आर्थीक अबश्था कमजोर भएका प्राविधीक तर्फको उच्च शिक्षा हासिल गर्न चाहने गरिब तथा जेहेन्दार २ जना बालबालिकालाई पठन पाठनमा सहयागे गरिने छ ।

(३५) शिक्षकहरुको छाता संगठन नेपाल शिक्षक महासंघ सायलको गाउँपालिका भित्र कुनै निश्चित ठाउँमा कार्यालय व्यवस्थापनका लागी पहल गरिने छ ।

(३६) विद्यालय समायोजन कार्यक्रमलाई थप व्यवस्थापन गरिने छ ।

(३७) नियमावलीमा व्यवस्था भए अनुसार विद्यालयहरुका वार्षिक उत्सव मनाउने कार्यक्रमहरुलाई अनिवार्य लागु गरिने छ।

(३८) गाउँपलिकाद्वारा लागु गरिने शैक्षिक नीति तथा कार्यक्रममा संस्थागत विद्यालयहरुलाई अनिवर्य रुपमा समावेश गरिने छ ।

(३९) विद्यालयहरुमा मनाईने शिक्षासंग सम्वन्धित दिवसहरुमा स्थानिय कला, संस्कृती संरक्षण हुने खालका कृयाकलाप गर्न विद्यालयहरुलाई प्रोत्साहित गरिने छ ।

(४०) कुनै शिक्षकको दुर्घटना भई तथा दिर्घरोग लागी उपचारमा आर्थिक समस्या भएमा सहयोगार्थ एक छुट्टै "शिक्षक कल्याणकारी कोष" को व्यवस्थापन गर्न कार्यविधि बनाई लागु गरिने छ ।

(४१) आवश्यकता तथा अनुगमन प्रतिवेदनका आधारमा बालविकास कोटा थप गर्ने नीति ल्याईने छ ।

**(ख) स्वास्थ्य**

(१) तोकिएका स्वास्थ्य सस्थावाट गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरीकको पहुँच पुग्ने गरि निशुल्क आधारभुत स्वास्थ्य सेवाको सुनिश्चित गरीनेछ ।

(२) डौड स्वास्थ्य चौकिको १० शैयाको अस्पतालको भवन निर्माण कार्य अगाडि वडाईने छ । साथै आवश्यकता अनुसार आधारभूत स्वास्थ्य इकाइ, सामुदायिक स्वास्थ्य सेवा केन्द्र भवन निर्माणमा पहल गरीने छ ।

(३) महिला स्वास्थ्य स्वयमसेविकालाई कामको आधारमा प्रोत्साहान गर्ने साथै महिला स्वास्थ्य स्वास्थ्य स्वयमसेविका नभएको टोल वस्तीका महिला स्वयं सेविका राख्ने नीती अवलम्वन गरीने छ ।

(४) जीर्ण अवस्थामा रहेका स्वास्थ्य चौकीका भवनको मर्मत सुधार योजना निति ल्याइने छ ।

(७) भौगिोलीक दुरि टाढा भएका वस्तीमा घरमा हुने सुत्केरि संख्या घटाउन शुन्य होम डेलिभरि बनाउन दुर्गम वस्ती भएका समुदाय तथा प्रत्येक वडामा ब्रर्थीङ` सेन्टर संञ्चालन गरिने छ । भौगलीक विगटता भएका समुदायमा सामुदायीक स्वास्थ्य इकाई केन्द्र स्थापना गरिने छ ।

(८) मेरुदण्ड भाचीएर अपाङ्ग भएका व्यक्तिहरुका लागी बस्ने व्यवस्था गर्ने नीति ल्याईने छ ।

(९) सवै नागरिकलाई आधारभुत स्वास्थ्य सेवाको पहुँच शुनिश्चितता गरिने छ ।

(१०) स्वास्थ्य क्षेत्रमा सरकारी , निजि तथा गैर सरकारि क्षेत्र बिचको सहकारी तथा साझेदारीलाई प्रवर्धन, व्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा सेवा र अनुसन्धानका क्षेत्रमा निजि आन्तरिक तथा वाह्य लगानी लाई प्रोत्साहन एवं संरक्षण गरिने छ ।

(११) स्वास्थ्य सेवालाई सर्वसुलव,प्रभावकारिता तथा गुणस्तरिय बनाउन जनसंख्या , भुगोल र स्थानिय संरचना अनुरुप दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दे स्वास्थ्य सेवालाई व्यवस्थीत गरिने छ ।

(१२) जलवायु परिवर्तन ,माहामारी नियन्त्रण तथा अन्य सरुवा रोग नियन्त्रणका लागी प्रतिकार्य टिम गठन गरि समाधनको उपाय अपनाइने छ ।

(१३) पोषणको अवस्थालाई सुधार गर्न मिसावटयूक्त तथा हानीकारक खानालाई निरुत्साहीत गर्दै गुणस्तरिय एवं स्वास्थ्यवर्धक, खाद्यपदार्थको प्रवर्धन ,उत्पादन,प्रयोग र पहुचलाई विस्तार गरिने छ ।

(१४) स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीलाई आधुनिकीकरण ,गुणस्तरिय तथा प्रविधिमैत्री  वनाई एकिकृत स्वास्थ्य सुचना प्रणालीको विकास गरिने छ । स्वास्थ्य सम्वन्धि सुचनाको हक तथा सेवाग्राहीको उपचार सम्वन्धी जानकारी पाउने हकको प्रत्याभुति गरिने छ

(१५) सायल गाउँपालीकामा आखाँ उपचार केन्द्र सेवालाई संञ्चालन गरि त्यसको विकास तथा विस्तार गरिने छ ।

(१६)स्वास्थ्य क्षेत्रमा नितिगत,संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकुल परिमार्जन तथा सुधार गर्दै सुशाशन कायम गरिने छ ।

(१७) शुरक्षित मातृत्व , बाल स्वास्थ्य, किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य प्रौढ तथा जेष्ट नागरिक लगायतका सेवाको विकास तथा विस्तार गरिने छ ।

(१८) प्रतिजैविक प्रतिरोधलाई न्युनकरण गर्दै संक्रामक रोग नियन्त्रण तथा व्यवस्थापनका लागी स्वास्थ्य प्रतीको विकास तथा विस्तार गरिनुका साथै वायु प्रदुषण,ध्वनी प्रदुषण ,जल प्रदुषण लगायतका वातावरणीय प्रदेषणका साथै खाद्यान्न प्रदुषणलाई वैज्ञानिक ढंगले नियमन तथा नियन्त्रण गरिने छ ।

(१९) सायल गाउँपालीका अन्तरगत ब्रर्थीङ सेन्टर नभएको स्वास्थ्य संस्थाहरुमा व्रथि` सेन्टर स्थापना गर्ने र भवन नभएका स्वास्थ्य संस्थामा भवन निर्माणका लागी पहल गर्ने

(२०) गाउँपालीका स्तरमा गर्भवति महिला हरुलाई स्वास्थ्य संस्थामा पुऱ्याउनका लागी निःशुल्क एम्वुलेन्स सेवा प्रदान गरिने छ । यदि जटिल समस्या भई गर्भवति आमाहरुलाई वाहिर पठाउनु पर्ने भएमा पनि  निःशुल्क एम्वुलेन्स सेवा नीतिलाई थप व्यवस्थित गरी  निरन्तरता दिईनेछ ।

(२१) स्वास्थ्य चौकि र आधारभुत स्वास्थ्य इकाईमा आवश्यका पर्ने औषधि आपुर्ति गरिने छ ।

(२२) गाउँपालीका भित्र रहेका टोल हरुमा स्ट्रेचरको व्यवस्था गरिने छ ।

(२३) प्रत्येक वडामा  शुरक्षित गर्भ पतन सेवा विस्तार गरिने छ ।

(२४) प्रत्येक वडामा Dots सेवा केन्द्र संञ्चालन गरिने छ  ।

(२५) साप्रा वेटाराको विच  सेन्टरमा र कौराडी सामुदायीक स्वास्थ्य ईकाईमा स्वास्थ्य बर्थीङ` सेन्टर स्थापनाका लागी पहल गरिने छ ।

(२६) भौगिोलीक दुरि टाढा भएका वस्तीहरुमा घरमा हुने सुत्केरि संख्या घटाउन प्रत्येक वडामा  बर्थीङ` सेन्टर संचालन गरिने छ

(२७) स्वास्थ्य क्षेत्रमा सरकारी , निजि तथा गैर सरकारी क्षेत्र विचको सहकारी तथा साझेदारीलाई प्रवर्धन, व्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा सेवा र अनुसन्धानका क्षेत्रमा निजि आन्तरिक तथा वाह्य लगानी लाई प्रोत्साहन एवं संरक्षण गरिने छ ।

(२८) स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारिता तथा गुणस्तरिय बनाउन जनसंख्या , भुगोल र स्थानिय संरचना अनुरुप दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दे स्वास्थ्य सेवालाई व्यवस्थीत गरिने छ ।

(२९) योग शिवरि सञ्चालन गरिने छ ।

(३०) महिला स्वयं सेविकालाई वार्षिक रुपमा प्रोत्साहन रकम उपलब्ध गराईने छ ।

(३१) गाउँघर क्लिनिक नभएका ठाउँमा क्लिनीक सञ्चालन गरिने छ ।

(३२) सुनौला १००० दिनका आमाहरुलाई पोषयुक्त खानेकुराको लागी नीतिगत व्यवस्था गरिने छ ।

(३३) सुन्दरजिवत तथा समाज निर्माणका लागी हेल्थ र हेप्पिनेस अभिमुखिकर० कार्यक्रम सञ्चालन गरिने छ ।

**(ग) खानेपानी, सरसफाई तथा स्वच्छता (वास)**

१. दिगो विकासको लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, विद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवाप्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता इकाई (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवाप्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

२. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरु योजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्थालाई गाउँपालिकामा लागु गरिने छ ।

३. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्म सम्मानको रक्षा गर्न गाउँपालिकाले आवश्यक नीति बनाइ लागु गर्ने छ ।

४. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका बमोजिम पूर्ण सरसफाइयुक्त एवम् छाउ गोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गने कार्यलाई अगाडी बढाईने छ।

५. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

(६) गाउँपालिका भित्र सम्पन्न भई संचालनमा रहेका खानेपानी तथा सरसफाई योजनाहरुलाई संस्थागत गर्न उपभोक्ता समिति दर्ता गर्न पहल गरिनुका साथै टोल स्तरमा पूर्ण सरसफाईका कार्यक्रमहरु संचालन गरी पूर्ण सरसफाईयुक्त योजना/टोल घोषणा गर्ने अभियानको रुपमा सुरुवात गरिने छ।

(७) फोहरमैला व्यवस्थापनमा उचित मापदण्ड अपनाई दण्ड र जरीवानालाई प्रभावकारी वनाईनेछ।

(८) एक घर एक चर्पि नितिलाई निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ।

(९) खानेपानिको दिर्घकालिन मुहान संरक्षणका लागी वृक्षारोपण कार्यक्रम घेरवार र तटवन्धन जस्ता कार्यक्रम लागु गरिने छ।

(१०) एक घर एक धाराको नीति अवलम्बन गर्न गुरुयोजना तयार गरिने छ।

**(घ) खेलकुद**

(१) स्वस्थ्य तथा अनुशासित नागरिक समाजको सिर्जना गर्न खेलकुद विकासलाई निरन्तरता दिईने छ।

(२) गाउँपालिका भित्र हाल भएका खेल मैदानहरुको स्तरोन्नती गर्दै १ वडा १ खेलकुद मैदान निर्माणगरी ६ वटै वडामा खेलकुद मैदानको विकास गरिने छ।

(२) प्रत्येक बर्ष गाँउपालिका स्तरमा खेलकुद प्रतियोगिताको आयोजना गरिने छ।

(३) खेलकुद लाई जीवनको अभिन्न अंगको रुपमा बिकास गरिने छ।

(४) सामुदायिक बिद्यालयका खेलकुद मैदानको स्तररोन्नती गरिने छ।

(५) गाउँपालिका अध्यक्ष कप प्रतियोगिता आयोजना गरिने छ।

(६) खुला तथा खाली सार्वजनिक जग्गा खेलकुदका लागि उपयोग गर्ने नीति लिइने छ।

(७) खेलकुदमा लैङ्गिक बिभेदको अन्त्य गरिने छ।

(८) गाउँपालिका अन्तर्गका खेलाडीहरुको प्रतिभा पहिचान गरि प्रदेश, राष्ट्रिय स्तरका खेलकुदमा सहभागी गराईने छ।

## (□ ) सामाजिक सुरक्षा

(१) सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग सेवा मार्फत वितरणको व्यवस्थालाई निरन्तरता दिईने छ।

(२) महिला हिंसा न्यूनीकरण र लैङ्गिक विभेदको अन्त्य गर्न गाउँपालिकामा छुट्टै संयन्त्रको विकास गरिने छ।

(३) अल्पसंख्यक पिछडिएको वर्ग क्षेत्रको उत्थान र जातीय भेदभावको अन्त्य गरिनेछ।

(४) अपाङ्गता भएका व्यक्ति, दलित र असाहयको सामाजिक जीवनको सुरक्षाको सुनिश्चितता गरिनेछ।

(५) ज्येष्ठ नागरिक सम्मानको लागी तिनको क्षमता र अनुभवलाई पुँजिका रुपमा प्रयोग गर्ने नीति ल्याईने छ।

(६) जेष्ठ नागरिकको सम्मान, मर्यादित जीवनका लागी गाउँपालिका वाट छुट्टै नीति ल्याउने तथा सरकारी गैर सरकारी निकायसंग आवश्यक समन्वय गरिने छ।

**(च) महिला**

(१) महिलाहरुको सामुदायिक संस्था, सहकारी तथा संजालहरुको विकास सशक्तिकरण आयआर्जन तथा सिप क्षमता अभिवृद्धिका लागी विशेष योजना बनाई कार्यान्वयन गरिनेछ ।

(२) लैङ्गिक हिंसा, घरेलु हिंसा मानव बेचबिखन, विभेद तथा असमानता विरुद्ध जनचेतना अभिवृद्धि गर्न अन्तराष्ट्रिय श्रमिक महिला दिवस, लैङ्गिक हिंसा विरुद्ध विभिन्न दिवशहरु प्रभावकारीरुपमा संचालन गरिनेछ ।

(३) महिलाहरुको जिविकोपार्जन र आर्थिक स्तरउन्नतीको लागी विशेष कार्यक्रम ल्याईने छ ।

(४) महिलाहरुको नेतृत्व र निर्णायक भूमिका स्थापित गर्न सामुदायिक विकासका कार्यहरुमा समान सहभागीताको लागि उपयुक्त वातावरण प्रदान गरिनेछ ।

(५) उपाध्यक्षसंग महिला कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।

(६) दिर्घरोगी पिडीत महिलालाई विशेष न्याय र राहत दिने व्यवस्था गरिने छ ।

(७) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा निर्माण भएका नियम कानुनहरुको यस गाउँपालिकामा पूर्ण कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

**(छ) दलित**

(१) दलित तथा सिमान्तकृत वर्गको उत्थानको लागी हरेक वडा स्तरमा दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

(२) दलित तथा सिमान्तकृत वालवालिकाको निशुल्क शिक्षाको ग्यारेन्टि गरिने छ ।

(३) परम्परागत पेशा लाई आधुनिक प्रविधियुक्त बनाइ बजार प्रबर्द्धन गर्न सघाउ पुऱ्याउने खालका आय आर्जनमुखी कार्यक्रम ल्याइने छ ।

(४) मुक्त हलिया पुन : स्थापना कार्यविधि, २०८० लाई चरणवद्ध रुपमा कार्यान्वयन गरिने छ ।

(५) जातिय विभेद अन्त्यका लागी वडा देखी पालिका सम्म जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिने छ ।

**(ज) बालवालिका**

(१) बालवालिकाको विकासका लागि बालमैत्री अभियान संचालन मार्फत वाल मैत्री स्थानीय शासनका लागि अवश्यक सूचकहरु यसै वर्ष देखि अवलम्वन गरिनेछ ।

(२) वालश्रम निवारणका लागि गुरु योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

(३) दृष्टि विहिन तथा अपाङ्गता भएका वालवालिकाको लागि विशेष कार्यक्रम बनायर लागु गरिने छ ।

(४) वालमैत्री तथा अपाङ्गमैत्री वातावरणको व्यवस्था गरिने छ ।

(५) विद्यालय तथा वडास्तरमा वालक्लवहरु गठन गरि गाउँपालिका स्तरीय वाल सञ्जाल निर्माण गरिनेछ ।

(६) हरेक सार्वजनिक निर्माण वालमैत्री हुनुपर्ने नीति अवलम्वन गरिने छ ।

(७) आमा वुवा दुवै नभएका टुहुरा बाववालिकाको तथ्याङ्क संकलन गरि व्यवस्थापन गरिने छ ।

(८) अपाङ्ग बालवालिकालाई आवश्यक व्यवस्थापन गर्ने नीति ल्याईने छ ।

(९) बालवालिका सम्वन्धि ऐन २०७५ अनुसार स्थानिय तहमा वालअधिकार समिति गठन, परिचालन, वालकोषको स्थापना गरिने छ ।

(१०) बालश्रम मुक्त स्थानिय तह घोषणाको लागी आवश्यक आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**(झ) स्थानीय रोजगार सेवा**

(१) देशमा विद्यमान बेरोजगारी दर कम गर्नका लागि स्थानीय तहका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन गरी रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ।

(२) स्थानीयतहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु संचालन गरी न्यूनतम १०० दिनको रोजगारीको प्रत्याभूतीकार्यलाई निरन्तरता दिईने छ।

(३) दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रबर्द्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिहरुलाई तालिम दिइनेछ।

(४) संघ तथा प्रदेश सरकारले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै स्थानीय तहमा रोजगारीका क्षेत्र विस्तार गरिनेछ।

(५) आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र नीजी सहकारी तथा गैरसरकारी क्षेत्रसंग समन्वय र सहकार्यमा जोड दिइनेछ।

(६) श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यावसायिक वित्तिय क्षेत्रमा रोजगारीको सिर्जना गर्ने किसिमको नीति ल्यईने छ।

(७) रोजगार सेवा केन्द्रलाई थप प्रभावकारी रुपमा संचालन गर्न रोजगार सेवा केन्द्र सूचना प्रणालिको स्थापना गरिने छ।

(८) कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनका लागी विशेष नीति ल्याईने छ।

(९) यस गाउँपालिका भित्र बसोवास गर्ने अति विपन्न परिवारको पहिचान गरी स्वरोजगारका कार्यक्रममा प्राथमिकताका साथ संलग्न गराउने नीति अवलम्बन गरिनेछ।

**(३) पूर्वाधार विकास**

**(क) सडक**

(१) सडक पहुँच पुगेका वडा भीत्र थप सडकका लागी ट्र्याक खोलिनेछ ।

(२) गाउँपालिका भरि १० किलोमिटर नयाँ सडक कटिङ गर्ने, ५० किलोमिटर ग्रावेल तथा स्तरोन्नती र पक्कि सडकको लागी सम्भाव्यता अध्ययन गरिने छ।

(३) स्थानीय सडकको उचित मापदण्डको आधरमा स्तरोन्नती गरिनेछ।

(४) सबै खाले सडकको तलमाथी छेउ छाउमा वृक्षारोपण गरि हरियाली सडकको नीतिलाइ निरन्तरता दिईने छ।

(५) क्रमागत सडकलाई निरन्तरता दिईने छ।

(६) घोरेटो बाटो मर्मत संभार र निर्माण गर्ने नीति अवलम्वन गरिनेछ।

**(ख) सिचाई**

(१) लिफ्ट सिचाईको प्रविधिमार्फत विकास र उपयोग गर्ने नीति अबलम्वन गरिनेछ।

(२) पुराना सिचाई कुला तथा नहरहरुलाई मर्मत संभार गरिने छ।

(३) सायल गाउँपालिका स्तरीय जलउपयोग गुरु योजनाको अद्यावधीक गरि पानीको स्रोत तथा उपयोगको आधारमा सिचाई कुलो र नहर निर्माण गरिने छ।

**(ग) भवन तथा शहरी विकास**

(१) वडा कार्यालयहरु र विषयगत क्षेत्रका कार्यालयहरु निर्माण कार्यलाई निरन्तरता दिईने छ।

(२) राष्ट्रिय भु-पयोगको नीति लागु गरि आवास निर्माणलाई सुरक्षित बनाउने कार्यमा जोड दिईने छ।

(३) घर नक्सापासलाई व्यवस्थित गर्ने नीति लवलम्बन र्गारिने छ।

(४) नयाँ घर गाउँपालिकाको अनुमति लिएर नक्शापास गरेर मात्र घर बनाउने नीति अवलम्बन गरिनेछ ।

(५) सार्वजनिक जमिनको लगत लिई संरक्षणमा जोड दिईनेछ ।

(६) नेपाल सरकार अन्यदातृ निकायको सहयोग र समन्वयमा निर्माण गरिने पुर्वाधार जस्तै प्राविधिक शिक्षालय धार्मिक तथा पर्यटकीय पुर्वाधार निर्माणमा पहल गरिनेछ।

**(घ) संचार**

(१) गाउँपालिका भित्रका ग्रामिण क्षेत्र सम्म गुणस्तरीय Internet सेवा दिनको लागी 4G सेवा विस्तार गर्न पहल गरिनेछ।

(२) गाउँपालिका कार्यालयको वार्षिक बुलिटिन प्रकाशन गरिनेछ।

(३) गाउँपालिकावाट प्रवाह हुने सेवालाई अनलाईन प्रविधिमा जोडिने व्यवस्था मिलाईने छ।

(४) सञ्चार माध्यमहरुको संस्थागत र समतामुलक विकासका लागी स्थानिय सञ्चार माध्यम प्रर्वद्धन कार्यक्रम लागु गरिने छ।

**(ङ) वैकल्पीक उर्जा, साना जलविधुत सहित**

(१) वैकल्पीक उर्जाको अध्ययन र विकासका साथै ग्रामीण भेग सम्ममा विस्तार गरिने छ।

(२) ग्रामीण वस्तीमा गोवर ग्याँसको प्रयोग र उपयोगमा जोड दिईने छ।

(३) केन्द्रिय प्रशारण लाइनलाई प्रत्येक गाउँ वस्तीमा विस्तारका लागि विशेष पहल गरिनेछ।

(४) सायलीगाड तेस्रो लघुजलविधुत आयोजनालाई यस गाउँपालिकाको स्वामीत्वमा रहने गरी संचालनमा विशेष नीति अवलम्वन गरिनेछ।

**(४) वातावरण तथा विपद व्यवस्थापन**

**(क) वन तथा भू-संरक्षण**

(१) बढ्दो वन बिनासको लागि नियन्त्रण र भुसंरक्षणमा जोड दिइने छ।

(२) वन संरक्षणमा सवैको सहभागिता जुटाइनुका साथै सामुदायिक वन उपभोक्ता समितिलाई सक्रीय बनाउने नीति अवलम्बन गरिने छ।

(३) प्रत्येक घरधुरीमा सुधारिएको चुलो प्रयोग गर्नका लागि प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ।

(४) सार्वजनिक प्रति वाटो, चौतारा, परम्परागत धार्मिक पर्यटकीय खुला क्षेत्रको सिमाङ्कन गरि वनको संरक्षण गरिनेछ।

(५) सामुदायिक वन उपभोक्ता समितिको क्षमता बिकासमा जोड दिइ अझ बढी जिम्मेवार बनाइने छ।

(६) जनताको वन, जनताको धन अवधारणा विकास गरिने छ।

(६) भु-संरक्षण नीतिको यस गाउँपालिकामा पुर्ण कार्यान्वयन गरिने छ।

(८) नाङ्गा र खाली डाँडाकाँडा तथा सबै भु-भागमा वृक्षारोपण गरी हरियाली गाउँपालिकाको रुपमा चिनाइने छ।

**(ख) जलवायु पविर्तन**

बढ्दो जलवायु परिवर्तनबारे गाउँपालिका वासीलाई सुसुचिततुल्याई जलवायु परिवर्तन न्यूनिकरणका लागी विशेष नीति अबलम्वन गरिने छ।

**(ग) जल उत्पन्न प्रकोप नियन्त्रण**

(१) बस्ती व्यवस्थापन, ढल निकासा लाई व्यवस्थित गर्दै प्रकोप नियन्त्रणमा सरोकारवाला सबैसंग सहकार्य र समन्वय गरिने छ ।

(२) तट बन्धन निर्माण कार्य गरिने छ ।

(३) जलवायु अनुकुलनका कार्यक्रमहरु अवलम्वन गरिनेछ ।

**(घ) विपद व्यवस्थापन**

(१) प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त खानेपानी तथा सरसफाईका संरचनाहरुको पुन निर्माणलाई उच्च प्राथमिकतामा राखिनेछ । विपद व्यवस्थापनको लागि संस्थागत संरचनाहरुलाई खोज उद्धार तथा राहत कार्यका लागि संस्थागत सुदृढीकरण एवं क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।

(२) विपद व्यवस्थापनको पूर्व तयारी, तथा प्रतिकार्य योजना बनाई लागु गरिने छ । बाध्यात्मक रुपमा बसोबास  गरीरहेका जोखिमयुक्त वस्तीहरुलाई आवश्यकता अनुसार पहिचान र व्यवस्थापन गरिने छ ।

(३) विपद व्यवस्थापन बारे पूर्व तयारी वारे जानकारी संयन्त्र निर्माण गरिने छ ।

(४) प्रत्येक वडामा उद्धार, राहात पुनः स्थापना समिति गठन गर्ने नीति ल्याईने छ ।

(६) गाउँपालिकामा विपद कोषको स्थापना गरिने छ ।

**(५) सुशासन तथा संस्थागत विकास**

**(क) मानव संशाधन विकास**

(१) कर्मचारी (करार) भर्नामा योग्यता प्रणाली सहित छनौटको आधार अपनाईने नीतिलाई निरन्तरता दिईने छ ।

(२) अन्य निकायवाट समायोजन हुन आउने जनशक्तिलाई आवश्यकता र क्षमताका आधारमा स्वीकारीने व्यवस्थपन गरिने छ ।

(३) कर्मचारीको वृद्धि वकास र अभिवृद्धी कार्यक्रम सञ्चालन गरिने छ ।

(४) अतिरिक्त काम गर्ने कर्मचारीलाई Incentive को उचित व्यवस्था गरिने छ र कार्यसम्पादनको आधारमा पुरुस्कृत र दण्डको नीति अबलम्वन गरिने छ ।

(५) कामको मुल्याङ्कनको आधारमा उत्कृष्ट वडा, वडा अध्यक्ष, सभा सदस्य र कर्मचारीलाई बिशेष पुरस्कारको व्यवस्था गरिनेछ ।

(६) कर्मचारी अनुशासनमा नरहने र पेशागत आचरण नभएकोलाई उचित व्यवस्थापन गरिने छ ।

(७) कार्य सम्पादन मुल्यांकन पद्धतिलाई प्रभावकारी बनाइनेछ ।

(९) नेपाल सरकार प्रशासनिक पुनःसंरचनामार्फत तय भएका मापदण्ड कार्यान्वयन गरिनेछ ।

(१०) कर्मचारीहरुको योग्यता र क्षमताको आधारमा उचित जिम्मेवारी व्यवस्थाप गरिने छ ।

(११) कर्मचारीलाई गाउँपालिकाले परिचालन गर्नको लागि विषयगत क्षेत्र अनुसार कार्य योजना र कार्य विवरण बनाई परिचालन गर्ने नीति अवलम्वन गरिने छ ।

(१२) कर्मचारीको क्षमता विकासमा अध्ययन अनुसन्धान तालिम भ्रमण अनुभव साटासाटको व्यवस्था मिलाईने छ ।

(१३) गाउँपालिका भित्र कार्यरत कर्मचारीहरुको नियमन अनुगमन र मुल्यांकन प्रशासनीक तवरबाट गरि गाउँ कार्यपालिकालाई सफारिस गर्ने नीति अवलम्वन गरिने छ ।

(१४) गाउँपालिका कार्यालय, शाखा, वडाहरुमा आ.व. २०८०।०८१ को श्रावण देखी E हाजिरीको व्यवस्था मिलाईने छ ।

(१५) जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धिका लागि अध्ययन अवलोकन भ्रमण र तालिमलाई निरन्तरता दिईने छ ।

**(ख) सुरक्षा व्यवस्था**

(१) सायल प्रहरी चौकीलाई “क” वर्ग को इलाका प्रहरी चौकीमा विस्तार गर्नका लागि विशेष पहल गरिने छ ।

(२) सायल प्रहरी चौकीलाई थप व्यवस्थित गर्न भौतिक व्यवस्थापनका लागी कार्यक्रम अगाडी बढाइने छ ।

(३) वडा नं. १ छपालीमा रहेको अस्थाइ प्रहरी चौकीको संस्थागत सुधार गरि जनतालाइ सुरक्षाको अनुभुती गराईने छ ।

**(ग) सूचनाप्रविधि**

(१) सूचनामा सवैको पहुँच पुऱ्याउनका लागि सञ्चारका माध्यमद्धारा प्रचार प्रसार गरिने नीति अवलम्वन गरिने छ ।

(२) विधुतीय प्रणालीको प्रयोगमा जोड दिइनेछ ।

(३) पालिकामा गुनासो सुनुवाई र सूचना प्रवाहलाई थप प्रभावकारी बनाइने छ ।

(४) सेवाप्रवाहमा सार्वजनिक सुनुवाइ जनतासँग जनप्रतिनिधिको प्रत्यक्ष संवाद नागरिक बडापत्र र विविध प्रविधिसंग जोडिनेछ ।

(६) सुचना प्रवाहमा एकद्वार प्रणाली अपनाइने छ ।

(७) सुचना प्रविधिको प्रयोगमा क्षमता अभिबृद्धि गरि अधिकतम उपयोग गरिने छ ।

(८) गाँउपालिकाको आर्थिक, भौतिक, सामाजिक लेखाङ्कन प्रविधियुक्त वनाइने छ ।

(९) आम नागरिकलाइ सुचनाको प्रत्याभुति गर्न गाँउपालिका कार्यालयमा सूचना अधिकारी तोकी सूचना संचार प्रणलीलाइ व्यवस्थित, न्यायोचित र प्रभावकारी बनाउने नीतिलाई निरन्तरता दिईने छ ।

(१०) सम्पुर्ण वडाहरुमा कम्प्युटर प्रिन्टर सहित गुणस्तरिय इन्टरनेटको व्यवस्था गरिने छ ।

**(घ) लेखाङ्कन वित्तिय परिचालन**

(१) आर्थिक प्रशासन प्रविधि मैत्री वनाईने छ ।

(२) वित्तिय अनुशासन सदाचारितामा जोड दिइने छ ।

(३) पञ्जीकरणलाई यही २०८० साउन महिना देखि नै पूर्णरुपमा सबै वडालाई अनलाईनमा लगिनेछ ।

(४) कार्यक्रमका सम्पुर्ण कामकारवाहीलाई एक कम्प्यूटर प्रणालीबाट व्यवस्थित गरिन छ । सो को दिर्घकालिन सुरक्षामा जोड दिइनेछ ।

(५) सूचनाको हकको सुनिश्चितता गरिनेछ ।

(६) गाँउपालिकाबाट संचालित हरेक विकास योजना क्रियाकलाप र कार्यक्रमको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षणको निरन्तरता दिइ अनिवार्य बनाइने छ ।

**(ङ) तथ्याङ्क संकलन**

(१) गाँउपालिका पाश्वचित्रलाइ आमनागरिक सामु सरकुलर गरिने छ ।

(२) विभिन्न क्षेत्रको दिर्घकालिन गुरुयोजना निर्माण गर्न विस्तृत अध्ययन गरिने छ ।

(३) गाँउपालिकाको आधारभूत सर्भेक्षण गरी क्षेत्रगत गुरुयोजना निर्माणमा जोड दिइने छ ।

(४) आन्तरिक नियन्त्रण प्रणालीलाइ प्रभावकारी बनाइने छ ।

(५) गाउँपालिकाको प्रोफाईल २०८० भित्र तयार पारिने छ ।

**(ग) वित्तिय जोखिम र आन्तरिक लेखापरिक्षण**

(१) वित्तिय जोखिम नीयुन गरिने छ ।

(२) आन्तरिक लेखापरिक्षण शाखा तोकी उक्त शाखालाइ व्यवस्थित गरी बेरुजु घटाउदै लगिनेछ ।

(३) आन्तरिक लेखापरीक्षकले नियमित कामकाज गरी नियमित रुपमा आन्तरिक लेखापरिक्षण गरिनेछ ।

**(७) विविध**

(१) स्थानिय तह संस्थागत क्षमता स्वमुल्याँकन कार्यविधि, २०७७ ले तोकेका सुचकहरुमा उल्लेख्य सुधारल्याई पालिकाको स्वमुल्याँकन स्तर उच्च बनाइनेछ ।

(२) सायल गाँउपालिकाको समग्र विकासलाई मध्यनजर गर्दै आ.व. २०८०/०८१ मा सेवाग्राहीहरुको दैनिक जनजीवनसंग जोडिएका जनताले प्रत्यक्ष महसुस गर्ने विकासका कार्यक्रमहरुको छनोट र कार्यान्बयनमा विशेष जोड दिइनेछ ।

(३) स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिधि भित्र रहि राजश्व अशुल एवं व्यवस्थापन गरिने छ ।

(४) गाउँपालिका भित्रको कुनै पनि क्षेत्रमा काम गर्न इच्छुक सरकारी तथा गैर सरकारी संस्थाहरुले गाउँपालिकाको पुर्व स्वीकृती लियरमात्र कार्यक्रम सञ्चालन गर्न पाईने छ ।

**धन्यवाद ।**